आज मिति २०७५ साल श्रावण ७ गते सोमबारका दिन यस व्यास नगरपालिकाको नगर कार्यपालिकाको बैठक नगर प्रमुख श्री वैकुण्ठ न्यौपानेज्यूको अध्यक्षतामा बस्यो । बैठकको उपस्थिति तथा निर्णयहरु देहाय बमोजिम रहेको छ ।

**उपस्थिति**

| | | |
|---|---|---|
| नगर प्रमुख | श्री वैकण्ठ न्यौपाने | उपस्थित |
| उप प्रमुख | श्री मिरा जोशी | उपस्थित |
| वडाध्यक्ष वडा नं १ | श्री खरसिं दरै | उपस्थित |
| वडाध्यक्ष वडा नं २ | श्री काशीराम श्रेष्ठ | उपस्थित |
| वडाध्यक्ष वडा नं ३ | श्री प्रेमकुमार श्रेष्ठ | उपस्थित |
| वडाध्यक्ष वडा नं ४ | श्री विश्वराज न्यौपाने | उपस्थित |
| वडाध्यक्ष वडा नं ५ | श्री मोहनकुमार श्रेष्ठ | उपस्थित |
| वडाध्यक्ष वडा नं ६ | श्री सूर्यभक्त भण्डारी | उपस्थित |
| वडाध्यक्ष वडा नं ७ | श्री सतिशचन्द्र न्यौपाने | उपस्थित |
| वडाध्यक्ष वडा नं ८ | श्री ओजराज पौडेल | उपस्थित |
| वडाध्यक्ष वडा नं ९ | श्री सुरेश थापा | उपस्थित |
| वडाध्यक्ष वडा नं १० | श्री तुलसीराम सापकोटा | उपस्थित |
| वडाध्यक्ष वडा नं ११ | श्री निरबहादुर खड्का | उपस्थित |
| वडाध्यक्ष वडा नं १२ | श्री तोत्रबहादुर कुंवर | उपस्थित |
| वडाध्यक्ष वडा नं १३ | श्री लेखबहादुर राना | उपस्थित |
| वडाध्यक्ष वडा नं १४ | श्री काजीमान श्रेष्ठ | उपस्थित |
| **कार्यकारीणी सदस्यहरु** | श्री तमबहादुर दरै | उपस्थित |
| | श्री कल्पना पोखेल | अनुपस्थित |
| | श्री अमृतबहादुर नेपाली | उपस्थित |
| | श्री चन्द्रमाया परियार | अनुपस्थित |
| | श्री मधुमाया घर्ती | उपस्थित |
| | श्री सुनसरी गुरुङ | उपस्थित |
| | श्री नरीमाया राना | उपस्थित |
| सदस्य सचिव | श्री हरिप्रसाद वाँस्तोला | उपस्थित |
| वरिष्ठ आ.ले.प अधिकृत | श्री कुमारकन्चन जि.सी | उपस्थित |

**निर्णय नं.१:** व्यास न.पा. योजना कार्यक्रम तथा टेण्डरहरुको मूल्यांकन गर्न खरिद ऐन अनुसार निम्नानुसारको मूल्यांकन समिति गठन गर्ने निर्णय गरियो ।

| | | |
|---|---|---|
| (क) प्रमुख प्रशासकीय अधिकृत | श्री हरिप्रसाद वाँस्तोला | संयोजक |
| (ख) लेखा अधिकृत | श्री दण्डपाणी पौडेल | सदस्य |
| (ग) शाखा अधिकृत | श्री मेघनाथ आचार्य | सदस्य |
| (घ) इन्जिनियर | श्री रविन्द्रलाल मुल | सदस्य सचिव |
| (ङ) कम्प्यूटर अधिकृत | श्री गोकर्णराज वाग्ले | आमन्त्रित सदस्य |
| (च) ना.सु | श्री भेषराज तिवारी योजना शाखा | आमन्त्रित सदस्य |

**निर्णय नं.२:** व्यास न.पा.का लागि खरिद योजना निर्माण गर्न निम्नानुसारको ३ सदस्सीय खरिद इकाई समिति गठन गर्ने निर्णय गरियो ।

(क) इन्जिनियर श्री रविन्द्रलाल मूल (ख) लेखा अधिकृत श्री दण्डपाणी पौडेल

(ग) ना.सु. श्री कृष्णप्रसाद पौडेल

**<u>निर्णय नं.३:</u>** व्यास नगरपालिका वडा नं.४ मा कार्यरत कार्यालय सहयोगी श्री बसुन्धरा जमरकट्टेलको करार सेवाको म्याद हाललाई ३ महिना थप गर्ने निर्णय गरियो ।

**<u>निर्णय नं.४:</u>** व्यास नगरपालिकाको एकीकृत शहरी विकास गुरुयोजना (IUDP) निर्माण गर्ने क्रममा व्यास न.पा.मा रहेको विभिन्न विषयगत समितिहरुसँग १५ दिन भित्र बैठक बस्ने र सोको संयोजन इन्जिनियर श्री रविन्द्रलाल मुललाई जिम्मा दिने निर्णय गरियो ।

**<u>निर्णय नं.५:</u>** व्यास न.पा. का १४ वटै वडा कार्यालयहरुको व्यवस्थापन सम्बन्धमा छलफल भयो । निर्माणाधीन वडा कार्यालयहरुलाई पूर्णता दिने कार्यलाई अगाडि बढाउने र जग्गा नभएका वडाहरुमा जग्गा किनेर वडा कार्यालयको भवन निर्माण र व्यवस्थापनलाई प्राथमिकतामा राखी आवश्यक प्रकृया अगाडि बढाउने निर्णय गरियो ।

**<u>निर्णय नं.६:</u>** व्यास न.पा.को सफा सडक स्थित मोहोडाका सटर तथा पसल कवलको भाडा दर पुनरावलोकन समितिले पेश गरेको भाडा दरलाई स्वीकृति गर्ने निर्णय गरियो ।

**<u>निर्णय नं.७:</u>** व्यास न.पा. कार्यालयले लिएको तथ्यांकहरु संकलन गर्दा प्रति गणकले ६०० घरधुरीसम्म संकलन गर्नेलाई रु.१५,०००। (पन्ध्रहजार रुपैया) र ६०० भन्दा बढी घरधुरीको तथ्यांक संकलन गर्ने गणकलाई प्रति घर धुरी रु.२५। का दरले पारिश्रमिक उपलब्ध गराउने साथै प्रति १०० घरधुरीको तथ्यांक संकलन गरी न.पा. कार्यालयमा बुझाउन ल्याउंदाको आतेजाते वस भाडा उपलब्ध गराउने निर्णय गरियो ।

**<u>निर्णय नं.८:</u>** व्यास न.पा. कार्यालयमा हालै काज सरुवा भई आउनू भएका लेखा अधिकृत श्री दण्डपाणी पौडेललाई २०७५ जेष्ठ महिना देखी लागू हूने गरि मासिक रु.७०००। (सात हजार रुपैया) घर भाडा घर धनी पदमराज श्रेष्ठ संग नियमानुसार सम्झौता गरि भुक्तानी दिने निर्णय गरियो ।

**<u>निर्णय नं.९:</u>** व्यास न.पा. कार्यालय र वडा कार्यालयको नयाँ स्वीकृत दरबन्दी र पदपूर्तिको स्थितिका वारेमा वैठकलाई जानकारी गराइयो ।

**<u>निर्णय नं.१०:</u>** यस न.पा. अन्तर्गत रहेका दमौली अस्पताल, स्वास्थ्य चौकी र शहरी स्वास्थ्य केन्द्र, सामुदायिक स्वास्थ्य इकाईमा कार्यरत अ.हे.व, अ.न.मी, कार्यालय सहयोगी र जिल्ला आयुर्वेद स्वास्थ्य केन्द्रमा पूर्वकर्मको लागि (अभ्यांग कर्ता) आयुर्वेद औषधालयहरुमा कार्यरत कार्यालय सहयोगीहरुको सेवा अवधि २०७५ श्रावण १ देखि २०७५ पौष मसान्तसम्मका लागि ६ महिना म्याद थप गरी सेवा प्रवाह र कार्यालय व्यवस्थापनमा लगाउने निर्णय गरियो ।

**<u>निर्णय नं.११</u>**: व्यास नगरपालिका वडा नं.३ स्थित फोहोरमैला संकलन कार्यका लागि आ.व. २०७४/०७५ मा श्री नेखुराम खड्कीलाई मासिक रु.७०,०००। (सत्तरी हजार रुपैया) मा जिम्मा दिइएको मा आ.व.२०७५/०७६ का लागि आ.व.२०७४/०७५ को रकममा १०% बृद्धि गरी निज श्री नेखुराम खड्कीलाई सो कार्यको जिम्मा दिने निर्णय गरियो ।

**<u>निर्णय नं.१२</u>**: व्यास नगरपालिका वडा नं.३ स्थित सार्वजनिक शौचालय रिखु दमै व्यास ३ लाई मासिक रु.५५००। (पाँच हजार पाँच सय रुपैयाँ) मा ठेक्का लगाइएकोमा शौचालयको ठेक्का सम्झौताको म्याद यही २०७५ आषाढ मसान्तमा समाप्त भएकाले उल्लेखित मासिक रु.५,५००। को २०% ले बृद्धि गरी मासिक रु.६,६००। (छ हजार छ सय रुपैयाँ) मा मिति २०७५/०४/०१ देखि १ वर्षका लागि ठेक्का सम्झौता नवीकरण गर्ने निर्णय गरियो ।